
# बालकुमारी मन्दिर परिसर



मध्यपुरथिमि वडा नं. १४ थिमि, क्वलाखुटोल स्थित बालकुमारी मन्दिर मध्यपुरथिमि क्षेत्रकै ठूलो संरचनाको मन्दिर हो । प्राचीनकाल विशेषगरी मल्लकालमा यसको महिमा थिमिमा मात्र सिमित नभई आसपासका क्षेत्रमा समेत फैलिएको तथ्य विभिन्न अभिलेखबाट थाहा हुन्छ । ***च्वःपू*** (चित्रपुर), नीलबाराही आदि स्थानमा पाइएका विभिन्न अभिलेखमा ***"………मध्यपुरीस्थाने बालकौमारी सन्निधाने….."*** जस्ता वाक्यांश प्रयोग गरिएबाट यसको महिमाको व्यापकताबारे आंकलन गर्न सकिन्छ । क्वलाखु टोलमा अवस्थित हुनाले यसलाई स्थानीय भाषामा ***क्वलाखु द्यः*** पनि भन्ने गरिन्छ । बालकुमारी थिमि नगरको मूलदेवता हो । थिमिको प्राचीन बस्ती मानिने क्षेत्र क्वलाखुटोलदेखि दिगुटोलसम्मका सम्पूर्ण र यसपछि विस्तार भएका चपाचो क्षेत्रका अधिकांश बासिन्दाहरुले बालकुमारीलाई मूलदेवताको रुपमा पूजाअर्चना गर्दछ ।

क) **ऐतिहासिक पृष्ठभूमि**

थिमिको इतिहासमा थ्याम दिगुद्यः, बालकुमारी, बाकाछेँ महादेव आदिको महत्वपूर्ण भूमिका रहन्छ । राइट वंशावलीअनुसार काठमाडौं उपत्यकाको चारदिशामा चार कुमारीको स्थापना गरिएको थियो । जसमध्ये पूर्वी दिशामा थिमि बालकुमारी, पश्चिम दिशामा मैतीदेवीको कुमारी, उत्तरमा मंगलापुर कुमारी (यो कुमारी पहिले विशालनगरको भश्मेश्वरसँगै रहेको मानिन्छ ।) र दक्षिणमा पाटनको बालकुमारीलाई लिइन्छ ।

पुरातात्विक महत्व बोकेको यस थिमि बालकुमारीको स्थापनाकालबारे ठोस जानकारी प्राप्त हुन नसक्दा भने यसको उत्पति र स्थापनाकाललाई ठम्याउन सरल छैन । यद्यपी केहि अभिलेखमा उल्लेखित विवरणले यसको प्राचीनतालाई प्रष्ट्याउँदछ । गुठी संस्थानमा रहेको एउटा ताडपत्र अनुसार ने.सं. ४७८ मा बालकुमारी मन्दिर ठूलो बनाएको भन्ने जानकारीले बालकुमारी मन्दिरको स्थापना ने.सं. ४७८ भन्दा अगाडी नै भएको देखिन्छ । ने.सं. ६४१ को जग्गा बिक्रीसम्बन्धी एउटा तमसुकमा चारकिल्ला खुलाउने क्रममा ***बिसक जात्रा गुथिया भाड भूमेण*** अर्थात् बिस्काजात्राको गुथिको जग्गा भन्ने वाक्यांश परेको छ र बिस्काजात्रा मूलतः थिमि बालकुमारीकै नेतृत्वमा हुने गर्दछ ।

यसबाहेक यस बालकुमारीको स्थापना सम्बन्धमा सुनाइने किम्बदन्तीअनुसार यसको सम्बन्ध ललितपुर जिल्लाको लुभूसँग रहेको छ । जसअनुसार प्राचीनकालमा ***लुभूकी*** एक चेलीले भक्तपुरस्थित आफ्नो ससुराली घर जाने क्रममा आफ्नो सुरक्षाको लागि आफूले बोकेको भगवानको मूर्तिलाई तात्कालिन् थिमि नगरबाहिर हालको क्वलाखु टोलमा छोडेर थिमिस्थित आफन्त भेट्न हिंडेको रहेछ । पछि उक्त मूर्ति हालको बालकुमारीको रुपमा सिद्ध भएको मानिन्छ । तर उक्त किम्बदन्तीलाई पुष्टि गर्ने कुनै पनि आधार वा ठोस प्रमाण आजपर्यन्त फेला पार्न सकिएको छैन ।

थिमि नगर वरपर स्थापित अष्टमातृका गण अन्तर्गत कौमारीको रुपमा यस बालकुमारीलाई मानिन्छ । त्यसो त अष्टमातृका अन्तर्गत पर्ने कुमारी स्थानीय क्वलाखु उकालोको पूर्वतिरको वन (चीपगः) मा स्थापित ***चिबाःद्यः*** (वनदेवी) हो भन्ने मान्यता पनि रहेको बताइन्छ । स्थानीय बज्राचार्यहरुले हरेकवर्ष दशैंको नवरात्रीमा अष्टमातृका दर्शन गर्न जाने बेला कुमारीको रुपमा उक्त चिबाःद्यःको दर्शन गर्ने र थिमि बिस्काजात्रा बैशाख संक्रान्तीको दिन क्वलाखुस्थित बालकुमारीको साथै यस बनदेवीलाई पनि पूजा गर्ने एवम् गरगहनाले सिंगार्ने प्रचलन यद्यावधि रहेको छ । यसैगरी कार्तिक महिनामा अष्टमातृकाको आराधना गर्ने गरिन्छ । यसबेला

महिनाभरि यहाँ पूजा गरिन्छ । यी प्रचलनहरुले प्राचीन कुमारी वा अष्टमातृका अन्तर्गतको कौमारी उक्त वनदेवी नै हो भन्ने मान्यतालाई बल दिन्छ ।

**ख) सांस्कृतिक महत्व**

बालकुमारी मन्दिर र यसको परिसर सांस्कृतिक रुपमा निकै व्यापक र महत्वपूर्ण छ । दशै, बिस्काजात्रा जस्ता मुख्य चाड र थिमि क्षेत्रमा मनाइने हरेक सांस्कृतिक क्रियाकलापमा यस मन्दिर र मन्दिर परिसरको सम्बन्ध अन्योन्याश्रित र अपरिहार्य छ । यस बालकुमारीलाई प्राचीन थिमिक्षेत्रका बासिन्दाहरुले आफ्नो मूल देवताको पूजा गर्ने गर्दछन् । बसाइसराइको क्रममा थिमि बाहिर बसोबास गरिरहेकाहरुले समेत हरेक वर्ष मूल चाडहरु जस्तै दशैं, बिस्काजात्रा, दिगुपूजामा यहाँ आएर पूजाअर्चना गर्ने गर्दछन् ।

बिस्काजात्रा मध्यपुर थिमि क्षेत्रको एक महत्वपूर्ण चाड हो । जात्रा अवधिभर यहाँ लायकू र विभिन्न गुथि एवम् खलकको तर्फबाट विभिन्न सांस्कृतिक क्रियाकलाप सम्पन्न हुन्छ । चैत्र मसान्तबाट प्रारम्भ हुने बिस्काजात्राको पूर्वसन्ध्यामा बालकुमारी मन्दिरबाट करीब ५० फीट पर उत्तरपूर्वी दिशामा ***य:सिं*** ठड्याउने प्रचलन रहेको बताइन्छ ।[१] बिस्काजात्राको पूर्वसन्ध्यामा चैत्र मसान्तको राती बालकुमारीलाई ***द्य:छेँ*** (थिमि लायकू) बाट बालकुमारी मन्दिरमा ल्याई प्रदर्शनीमा राखिन्छ जसलाई बालकुमारी क्वहाँ बिज्याकेगु जात्रा भनिन्छ । यस जात्राको लगत्तै दक्षिणबाराहीको नेतृत्वमा प्रारम्भ हुने अर्को खतजात्रा विभिन्न स्थानको परिक्रमापश्चात् यही परिसरमा आएर विसर्जन गरी समापन गरिन्छ । यसैगरी वैशाख १ गते विष्णुवीरको नेतृत्वमा हुने खतयात्रा नगरका विभिन्न स्थानहरुको परिक्रमा पश्चात् बालकुमारी मन्दिरको पश्चिमपट्टि रहेको दबलीमा विसर्जन गरी समापन गरिन्छ । यसैगरी वैशाख २ गते प्राचीन थिमिक्षेत्रका विभिन्न स्थानबाट २३ वटा देवीदेवताहरु यस परिसरमा जम्मा हुन्छ र यिनै बालकुमारीको नेतृत्वमा बिस्काजात्राको अन्तिम तर मूल जात्राको रुपमा लिइने बालकुमारी खतयात्रा सम्पन्न गरिन्छ । यसको लागि मन्दिर प्राङ्गणमा जात्रामा सहभागी हुने विभिन्न देवीदेउताको खत बिसाउन आसनको व्यवस्था गरिएको छ । यसबाहेक जात्रा अवधिमा सम्पन्न गरिने ***मिखु म्ये पालिगु, त:ग:मरि तिनिगु, कुम्व: नकेगु, लादां यायेगु, द्य:दां यायेगु*** जस्ता थुप्रै सांस्कृतिक क्रियाकलापहरु यसै मन्दिर र मन्दिर परिसरमा आयोजना गरिन्छ ।

थिमिमा वर्षभरी मनाइने चाडपर्वमा पनि बालकुमारीको महिमा ठूलो छ । ***यन्या: पुन्हि***को दिन मनाइने थिमिको ***म्ये प्वा: खनिगु*** जात्रा दिगुटोलबाट प्रारम्भ हुन्छ भने बालकुमारी मन्दिर पुगेर उक्त सियो निकालेर बालकुमारीभित्रको खम्बामा ठोकिन्छ र जिब्रो छेडेर बनेको घाउमा बालकुमारी मन्दिर भित्रको माटो राखिन्छ । यसबाहेक विविध सांस्कृतिक गतिविधि सम्पन्न गर्नको लागि मन्दिर प्रांगनमा बिभिन्न स्थानको व्यवस्था समेत गरिएको छ । मन्दिर अघिल्तिरको मयूर स्तम्भभन्दा अन्दाजी १५ फीट उत्तरपूर्वी दिशामा एउटा ***शिलाआसन*** रहेको छ जुन आसनमा राखेर दशैंको ***चालं*** (दशमी) को दिन ***भुईफ:सि*** (कुभिण्डो) काट्ने गरिन्छ । यसैगरी मन्दिर वरपर बनाइएका पाटीहरुमा हरेक साँझबिहान र विभिन्न अवसरमा भजनखलकहरुबाट भजनकीर्तन हुने गर्दछ । बिस्काजात्राको पूर्वसन्ध्यामा यसै मन्दिरमा मिखुम्येय् बलिदिने, कुम: नकेगु (व्रतबन्ध नगरेको कुमार वा बच्चालाई बालकुमारी मन्दिरभित्र राखेर खुवाइने बिशेष प्रकारको भोज), गरिन्छ । मन्दिरको ठिक पछाडिपट्टि रहेको दुईतले सत्तलमा हरेकवर्ष भक्तपुरबाट आउने नवदुर्गा गण बस्ने प्रचलन रहेको छ । मन्दिरको पश्चिमतिर रहेको पोखरीमा ***गथांमुग:***का दिन ***त्वाना तिनेगु***[२] हरेक वर्ष माघमा निकालिने पुलुकिसि जात्रा र शहश्र धारा जडित कलात्मक भाँडामा थाप्ने जात्रामा पनि यहि मन्दिर परिसरबाट प्रारम्भ हुन्छ । चाडपर्वबाहेक थिमिमा मनाइने विभिन्न संस्कारहरु जस्तै बिबाह, व्रतवन्ध, जंको, गुथिपूजा, जन्मदिन आदिमा बालकुमारीको पूजा गर्ने एवम् यस परिसरमा पुगेर बालकुमारी परिक्रमा गर्नुपर्ने प्रचलन रहेको छ ।

**ग) कलात्मक महत्व**

---

1 अचेल य:सिं थिमिमा ठड्याउने प्रचलन हराइसकेको छ ।

2 पोखरीमा राँगोको खुट्टा फाल्ने र ईच्छुकहरु पौडी खेल्दै उक्त खुट्टा खोस्ने गरिन्छ अन्तमा जसले खुट्टा प्राप्त गर्न सफल हुन्छ उही विजयी हुने गर्दछ ।।

पगोडा शैलीको तीनतले उत्तराभिमुख यस मन्दिरको कलात्मक पक्ष अत्यन्त आकर्षक छ । मन्दिरका छानाहरु स्वर्णलेपन गरिएको तामाको पाताले छाएको छ । पहिलो र दोस्रो छानाको चारै कुनामा ससाना मयूर र माथिल्लो छानाको अघिल्तिरको भागमा बीच पारेर ***ज्व:ला न्हायकं*** राखिएको छ । मन्दिरको हरेक छानामुनि चारैतिर ***छपाझ्या:*** राखिएको छ । पहिलो तलामा हरेक मोहडामा तीनतीन वटा र दोस्रो एवम् तेस्रो तलामा एकएक वटा निकै कलात्मक ***छपाझ्या:*** राखिएको छ । तीनतिर खुल्ला यस मन्दिरको उत्तरी मोहडामा तीन कवल र पूर्व एवम् पश्चिम मोहडामा दुई कवल खुल्ला रहेको छ । यसको एकएक कवल बन्द र मन्दिरको दक्षिणी मोहडा बन्द छ । अघिल्तिरको तीन कवलमध्ये बीचको कवल मूलद्धारको रुपमा रहेको छ । यी पाँचै कवलमा कलात्मक तुलं ओढाइएको छ । मुलद्धारमा रहेको तुलंको बीचमागमा .................... को मूर्ति राखिएको छ । मन्दिरको वरपर तीन घेरा ***चाक:मत:*** राखिएको छ । त्यस्तैगरी मूलद्धारको दायाँबायाँ र मन्दिरको उत्तरी मोहडाको दुई कुनामा कलात्मक सिंह स्थापना गरिएको छ । यसबाहेक मन्दिर अघिल्तिर मूलढोकाको दायाँबायाँ कलात्मक शिलास्तम्भमा घण्टा झुण्ड्याइएको छ ।

मन्दिरभित्र बीच पारेर दक्षिणी भित्तामा सताएर बालकुमारीका निराकार मूर्तिहरु स्थापना गरिएका छन् । पछाडिको गारो पूर्णरुपले स्वर्णलेपन गरिएको तामाको पाताले मोडेको छ भने त्यसैमा सताएर राखिएका विभिन्न आकारको तीनवटा ***छिफ्व:***ले बालकुमारीलाई ओढाइएको छ । बालकुमारी मूर्तिको ठिक माथि पारेर सिलिंगमा बालकुमारीको पाँच प्रतिमूर्ति कुँदिएको ***इलां*** रहेको छ । मन्दिरभित्र बीचनिर बालकुमारी मूर्तिको अघिल्तिर भैरबको आकृति भएको १८ इन्च जति अग्लो खम्बा रहेको छ भने मन्दिर भित्रै मन्दिरको माथिल्लो बोझलाई थाम्न अघिल्तिरको पूर्वी र पश्चिमी कुनाबाट २ जति भित्र पारेर गरी दुईवटा थाम राखिएको छ । ***यन्या: पुन्हि***को दिन जिब्रो छेडेपछि सियोलाई यिनै खम्बा ठोक्ने गरिन्छ र यसमा त्यस्ता थुप्रै सियोहरु ठोकेको देख्न सकिन्छ ।

यसैगरी अघिल्तिर करीब २५ फिट अग्लो शिलास्तम्भको टुप्पोमा दक्षिणाभिमुख मयूर प्रतिस्थापन गरिएको छ । यो मयूर ने.सं. ९१८ मा ***जयभद्र सिंह*** र ***तवधिक***द्वारा स्थापना गरिएको कुरा स्तम्भमा कुँदिएको विवरणबाट थाहा हुन्छ । बि.सं. २०२८ सालतिर यस मयूरको चुच्चोबाट रगत बगेको घटनाले निकै चर्चा पाएको थियो । प्रत्यक्षदर्शीहरु अहिले पनि उक्त अलौकिक घटनाबारे बताउँदै मयूरको दैवीशक्तिको प्रशंसा गर्दछन् । उक्त मयूर २०५८ बैशाख ३ गते राति चोरी भएपछि पुन: २०५८ कार्तिक २ गते उक्त स्थानमा मयूरको नयाँ मूर्ति प्रतिस्थापन गरिएको थियो । संयोगवश: केहि समयमै चोरी भएको उक्त मयूरको मूर्ति फेला परिसकेको भए पनि हालसम्म यसको पुनर्स्थापना हुन सकेको छैन ।

बालकुमारी मन्दिर परिसरमा पुरातात्विक एवम् कलात्मक गुम्वज शैलीको ***क्वंचा भैल:द्य: (बतुक भैरव), कृष्णमन्दिर,*** एकतले पेगोडा शैलीको ***थासमा गणेद्य:*** रहेका छन् । यसैगरी जमिन सतहभन्दा झण्डै १० फिट गहिरो एवम् १० फिट वर्गाकार खाल्डोभित्र शिवलिंग स्थापना गरिएिको छ जसलाई स्थानीय बोलीचालीमा ***गा:महाद्य:*** को नामले चिनिन्छ । मन्दिरको पश्चिमपट्टिट ऐतिहासिक एवम् सांस्कृतिक महत्व बोकेको दबली, पोखरी र ढुंगेधारा रहेका छन् । यसबाहेक मन्दिर प्राङ्गणको दुईवटा दुईतले सत्तल र दुईवटा तीनतले सत्तल रहेका छन् भने केहि भजन पाटीहरु रहेका छन् ।